# उपत्यकामा बिहीबारदेखि सबै कार्यालय बन्द

■ सौर्य समाचार

काठमाडौं । काठमाडौं उपत्यकामा बिहीबारदेखि अत्यावश्यकबाहेक कार्यालय बन्द हुने भएको छ । काठमाडौंका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीका अनुसार कोभिड-१९ को जोखिम बढ्दो क्रममा रहेकाले निषेधाज्ञाको अवधिभर त्यस्ता कार्यालय बन्द रहने जनाइएको छ ।

काठमाडौं प्रशासनले बुधबार एक सूचना जारी गरी कोरोनाको महामारी तिब्र रुपमा बढिरहेकाले त्यसको नियन्त्रणका लागि उक्त निर्णय गाएिको जनाएको छ । 'निषेधाज्ञाको अवधिभर अत्यावश्यक सेवाको कार्यालय बाहेक अन्य सबै जिल्लास्थित कार्यालय यही वैशाख ३० गतेदेखि बन्द गर्ने/गराउने व्यवस्थाका लागि जानकारी गराइन्छ', प्रशासनद्धारा जारी सार्वजनिक सूचनामा उल्लेख छ ।




सूचनामा अत्यावश्यक सेवाका कार्यालयलाई सेवा प्रवाहमा कुनै व्यवधान आउन नदिइ न्यूनतम जनशक्तिमा सेवा प्रवाहको व्यवस्थापन गर्नसमेत भनिएको छ । यसैबीच उपत्यकामा आज राति १२ बजेदेखि लागू हुनेगरी आगामी जेठ १३ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञा थप गरिएको छ । बुधबार राति १२ बजेदेखि तोकिएको निषेधाज्ञाको समयावधि सकिन लागेकाले रातिदेखिनै लागू हुनेगरी थप दुई हप्ता उक्त आदेश जारी गरिएको हो ।

उपत्यकाको तीन जिल्ला (काठमाठौं, ललितपुर र भक्तपुर) का प्रमुख जिल्ला अधिकारीसहितको बुधबारको बैठकले उक्त निर्णय गरेको हो । उपत्यकामा वैशाख १६ गतेदेखि निषेधाको आदेश जारी भएको थियो । त्यसपछि वैशाख २२ गते पुनः एक साता थप गर्दै आज राति १२ बजेसम्मका लागि समय थपिएको थियो । सङ्क्रमण दर नघटेपछि पुनः दुई साता थप गरिएको हो ।

उनका अनुसार यसपाली निषेधाज्ञामा अत्यावश्यक खाद्य सामग्री खरिद बिक्रीका लागि बिहान १० बजेसम्म खुला रहने भएको छ । उक्त समयमा अत्यावश्यक खाद्य सामग्रीका पसल, व्यवसाय र डिपार्टमेन्टल स्टोर्स (खाद्य सामग्री मात्र विक्री गर्न) खुला हुने छ । मानिसका भिडभाड हुने सबै गतिविधिमा रोक लगाइएको छ । सर्बसाधारणले औषधि, खाद्यवस्तु, तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरिदका लागि तथा अत्यावश्यक सेवा लिनुपर्दा बाहेक कुनै पनि व्यक्ति घर बाहिर निस्किन पाउने छैनन् । सार्वजनिक एवम् निजी सवारी साधन जेठ १३ गते राति १२ बजेसम्म उपत्यकामा सञ्चालनमा रोक लगाइएको छ ।

अत्यावश्यक सामग्री बोकेका ढुवानीका सवारी साधन, बिरामी तथा कुरुवा ९बढीमा २ जना० बोकेका एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीले प्रयोग गर्ने सवारी साधन सञ्चालन गर्न पाइने छ । विवाह, ब्रतबन्ध होटल तथा पार्टी प्यालेसमा गर्न रोक लगाइएको छ । घरमै उक्त कार्य गर्दा दश जनाभन्दा बढी उपस्थित हुन नपाइने आदेशमा भनिएको छ ।

## सकियो...

अस्पताल भने अक्सिजन नभएकै कारण बन्द हुन थालेको बताए । काठमाडौंको शिक्षण अस्पतालमा अक्सिजन अभावमा भर्ना भएका कोभिड संक्रमितको ज्यान अत्यन्त जोखिममा परेको भन्दै यहाँका चिकित्सक नै रोएको बिरामीका आफन्त मनोहर श्रेष्ठले बताए ।

उनले भने, 'अस्पतालमा अक्सिजन छैन, नयाँ बिरामी भर्ना लिन सक्दैनौं, भर्ना भएका बिरामी बचाउन पनि मुस्किल पर्न थाल्यो भन्दै चिकित्सक रोएको देख्नुपर्‍यो, बिरामीका आफन्तले कसरी मन सम्हाल्ने ?' अक्सिजन कम्पनीका अनुसार उपत्यकामा अहिले दैनिक १५ हजार लिटर अक्सिजनको माग भए पनि मुस्किलले सात हजार लिटर मात्रै उत्पादन एवं वितरण गर्न सकिएको छ ।

अक्सिजन नभएकै कारण केही दिनअघि भक्तपुर इन्टरनेशनल अस्पतालमा कोभिड संक्रमित दुई बिरामीको ज्यान गएको थियो । अहिले यस अस्पतालसँगै जिल्लाका मध्यपुर अस्पताल, नागरिक कम्युनिटी अस्पताल, समिट अस्पताल, डा इवामुरा अस्पताल तथा सिद्धिस्मृति अस्पतालले कोरोना संक्रमितलाई भर्ना नलिने भएका छन् ।

## दुर्गमका...

नखोल्दा उपल्लो डोल्पामा आयोडिनयुक्त नुनको ढुवानी हुन नसकेको हो ।

यस वर्ष चीनबाटै त्यहाँ ढुवानी हुन सकेन । तल्लो तथा मध्य डोल्पामा नेपालगञ्जबाट नुन ढुवानी हुने गर्दछ । सरकारले सदरमुकाम दुनैमा ३ सय क्विन्टल, जुफालमा २ सय क्विन्टल, त्रिपुरासुन्दरीको लिकुमा ४ सय ५० क्विन्टल, मुड्केचुलाको सर्मीमा ३ सय क्विन्टल र जगदुल्लाको काइगाउँमा २ सय ५० क्विन्टल आयोडिनयुक्त नुनको कोटा निर्धारण गर्दै आएको छ ।

बर्सेनि मागका आधारमा पनि कोटा तल माथि हुनसक्ने बताइएको छ । अघिल्लो र यस आर्थिक वर्षमा सदरमुकाम दुनै र जुफालमा मात्र आयोडिनयुक्त नुन बिक्री वितरण हुँदै आएको छ । यस आवमा सदरमुकामबाट बाहिरका कुनै पनि डिपोमा ठेक्का नलागेका कारण आयोडिनयुक्त नुन सर्वसाधारणले खान नपाएको प्रमुख धामीले जानकारी दिए । धामीले भने, 'मुड्केचुला गाउँपालिकाका अध्यक्ष दत्तबहादुर शाहीले आयोडिनयुक्त नुन माग गरेका कारण १ सय ५० क्विन्टल पठाउने तयारी गरिरहेकै समयमा कोरोनाका कारण बन्द हुँदा ढुवानीमा समस्या परेको छ ।'

अघिल्लो वर्ष जुफालमा एक हजार क्विटल र दुनैमा ३०० क्विन्टल आयोडिनयुक्त नुन आएको थियो । दुर्गम तथा पिछडिएका जिल्लामा सरकारले ढुवानी भाडासहित नुन अनुदानमा दिँदा प्रतिपोका रु ९ मा बिक्री हुँदै आएको छ । डिपोमा नुन नभएपछि स्थानीय पसलमा महङ्गोमा ढिके नुन खरिद गरेर प्रयोग गर्न बाध्य भएको सर्वसाधारण बताउँछन् । जतिपटक नुनका लागि डिपोमा गए पनि सधैं छैन भन्ने जवाफ आउने गरेको मुड्केचुला गाउँपालिका-७ का रामबहादुर सिंहले बताए ।

सदरमुकाम दुनै र जुफालमा नियमित आयोडिनयुक्त नुन बिक्री वितरण भए पनि सदरमुकामबाहिर बिक्री वितरण कार्य शून्य रहँदै आएको छ । सदरमुकाम बाहिरका मुड्केचुलाबाहेक अन्य स्थानीय तहले नुनको आवश्यकताका विषयमा कुनै पनि चासो नदिएको प्रमुख धामीले बताए । माग गरेको भए सदरमुकामको कोटाबाट काटेर भए पनि ढुवानी गर्न सकिने अवस्था रहे पनि स्थानीय सरकारले चासो नदिँदा नुन पठाउन नसकिएको उनले बताए ।

## जनताको...

गर्दै चिकित्सक, नर्स, स्वास्थ्यकर्मी फिल्डमा अग्रभागमा रहेर काम गरिरहने भन्दै हिम्मत नगुमाउने पनि जनाएको छ ।

'राज्य संचालनको जिम्मा लिएकाहरुले पनि हामीले जस्तै आफ्नो जिम्मेवारीवोध गर्दै यो वेलामा त्यसरी नै काम गरिरहनु भएको छ त ? हाम्रो प्रयत्नलाई फलिभुत बनाउन सवैले हातेमालो गरिरहेका छन भन्ने अनुभूत गर्न पाए मात्र हाम्रो हिम्मत र प्रयासको अर्थ रहन्छ । तर, विडम्बना हामीले त्यो अनुभूत गर्न पाएनौं । यो लडाई स्वास्थ्यकर्मी वा स्वास्थ्य मन्त्रालयको मात्रै होइन । हामी सवै एकजुट भएर राष्ट्रिय संकल्प गर्न सकेमात्र लडाई जित्न सकिन्छ', अपीलमा भनिएको छ ।

साथै संघले नेपालको स्वास्थ्य अवस्थालाई गम्भीर रुपमा मनन गर्दै देशभर 'रेड जोन' घोषणा गर्न समेत माग गरेको छ ।

# पूर्वराजा ज्ञानेन्द्र शाह डिस्चार्ज

■ सौर्य समाचार

काठमाडौं । कोरोना संक्रमणपछि उपचारका लागि अस्पताल भर्ना भएका पूर्वराजा ज्ञानेन्द्र शाह बुधबार राति घर फर्किएका छन् । कोरोनामुक्त भएसँगै पूर्ण स्वस्थ भई बुधबार राति ८ बजे डिस्चार्ज भएका नर्भिक अस्पतालले जनाएको छ ।

कोरोना संक्रमण भई १९ दिनअघि पूर्वराजा शाह, उनकी पत्नी पूर्वरानी कोमल र छोरी प्रेरणा नर्भिक अस्पतालमा भर्ना भएका थिए । पूर्वराजा शाहलाई अक्सिजनको सपोर्ट उपचार गरिएको थियो । ३ दिनअघि स्वाब परीक्षण गरिएकोमा रिपोर्ट नेगेटिभ आएको अस्पतालले विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

अस्पतालमा उपचाररत पूर्व महारानी कोमल शाहको अवस्था भने सुधारोन्मुख हेको अस्पतालले जनाएको छ । अस्पतालका अनुसार स्वास्थ्यमा सुधार भएसँगै दिइने अक्सिजनको मात्रा लगातार घटाउँदै उपचारलाई जारी राखिएको छ ।

पूर्व अधिराजकुमारी प्रेरणा शाहको स्वाब रिपोर्ट नेगेटिभ आए पनि आमासँगै अस्पतालमा छिन् । पूर्वराजा, पूर्वरानी र पूर्वअधिराजकुमारीको उपचारमा नर्भिक अस्पतालका सिनियर फिजिसियन तथा कार्डियोलोजिष्ट डा. जेपी जैसवाल र चेस्ट फिजिसियन डा. बी श्रीवास्तव नेतृत्वको टिम संलग्न थियो ।

**Council for Technical Education and Vocational Training (CTEVT)**
**Shahid Netralal Abhagi Technical School**
**Sharada-4 Salyan**

## Invitation for Sealed Quotation

**Date of first publication: 2078/01/30**

1. The Government of Nepal has allocated funds towards the cost for the establishment of Shahid Netralal Abhagi Technical School and intends to apply part of the funds to cover eligible payments under the Contracts.Bidding is open to all eligible Nepalese Bidders.
2. Council for Technical Education and Vocational Training (CTEVT), Sanothmi, Bhaktapur invites sealed bids from eligible bidders for the maintenance work of below mentioned works under National Competitive Bidding Procedures.

| S. No. | Name of Contract | Contract Identification No. | Bid Security Amount in NRs. | Estimated Amount without Contingencies and VAT is NRs | Remarks |
|---|---|---|---|---|---|
| 1. | **Guard room with Gate Construction** of Shahid Netralal Abhagi Technical School Sharada -4 Salyan | CTEVT/ SNATS Exp./ 077/078/ Civil-02 | 42,000 | 1660337.10 | |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shaid Netalal Abhagi Technical School Sharada -4 Salyan ***Phone no.088520416,088520426 Fax: 088520426*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may be purchased on or before office hours of 13th **Jestha, 2078** from the above office, producing a bank voucher of **Rs. 1000.00**( In words: Nepalese Rupees Three Thousands only) for each bid deposited in Nepal Bank Ltd., Salyan in (Sanchit Khata) Account No: 07400106585878000001 by eligible
5. Sealed bids having its contract name and identification no. must be submitted to the above office by e-gp before ***12:00 noon*** on ***14th Jestha, 2078.*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 Hours on 14th Jestha, 2078*** at the office of ***CTEVT***. Bids must be valid for a period of ***30 days*** after bid opening and must be valid for 30 days beyond the validity period of the bid. The cash evaluation to bid Security amount in the Dhauriti Aaccount no 07400106588100000001 at Nepal Bank Ltd.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
9. Any intimidation, collusion and cartelling during bidding process shall be punishable by law.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. Any additional matters not covered by Invitation Notice and mandatory information shall be in accordance with prevailing **Public Procurement Act 2063 (with first amendment 2073) and Public Procurement Regulation 2064 (with latest amendment 2073 )** of the Government of Nepal .

**Principal,SNATS**

**इच्छाकामना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कुरिनटार, चितवन**

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/०१/३०**

यस इच्छाकामना गाउँपालिका अर्न्तगत इनार पानी खानेपानी लिफ्टिङ्गको लागि तपसिलमा उल्लेखित कार्यहरु शिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद ऐनको दफा ४० तथा नियमावलीको नियम ८४ बमोजिम नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी, आपूर्तीकर्ता तथा सप्लायर्सबाट इनार पानी खानेपानी लिफ्टिङ्गका लागि आवश्यक सोलार सामग्री खरिदका लागि निम्न शर्तको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपशिल**

१. शिलबन्दी दरभाउपत्र फाराम खरिदको लागि नवीकरण भएको इजाजतपत्र, आयकर दर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र र आ.व. ०७६/०७७ को कर चुक्ताको प्रतिलिपि, निवेदन सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन सम्ममा तपसिलमा उल्लेखित दस्तुर जम्मा गरी (फिर्ता नहुने गरी) शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ ।
२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन, दिनको १२:०० बजे भित्र दर्ता गरिसक्नु पर्ने छ । यसरी दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र शिलबन्दी दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. शिलबन्दी दरभाउपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।
४. शिलबन्दी दरभाउपत्र साथ जमानत बापतको निम्न विवरणमा उल्लेखित रकम ग्लोवल आइएम. ई. बैंक लि. कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको धरौटी खाता नं. **GA–3 C401010000021** मा जम्मा गरेको सक्कल भौचर वा शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त 'क' बर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी दरभाउपत्र फाराम बापतको दस्तुर ग्लोवल.आइ. एम. ई. बैंक लि कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको आन्तरिक राजश्व खाता नं. **GA–1–1 C404010000004** मा जम्मा गरेको भौचरको scan copy समेत पेश गर्नु पर्ने छ ।
६. कालो सुचिमा नपरेको स्वयं घोषणापत्र समेत पेश गर्नु पर्नेछ ।
७. शिलबन्दी दरभाउपत्र मा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । शिलबन्दी दरभाउपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । म्याद नाघि आएको र रित नपुगेको शिलबन्दी दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन ।
८. कार्यालयको हितलाई ध्यानमा राखी शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
९. सूचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ र प्रचलित कानून बमोजिम हुनेछन् ।
१०. कामको विवरण निम्नानुसारको छ ।

| सि.नं. | ठे.नं. | कामको विवरण | ल.ई.रकम (मु.अ.क. र कन्टिन्जेन्सी बाहेक) | जमानत रकम | फाराम खरिद दस्तुर | माध्यम |
|---|---|---|---|---|---|---|
| १ | SQ/IRM/02/ 077/078 | इनारपानी खानेपानी लिफ्टिङ्गका लागि आवश्यक सोलार सामग्री खरिद | १७,२५,६६४.०० | ५०,०४४.०० | १,०००.०० | शिलबन्दी दरभाउपत्र |

**प्रमुख प्रशासकीय अधिकृत**
**इच्छाकामना गाउँपालिका**